नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सिंहदरबार

## बिमस्टेक (BIMSTEC) को चौथो शिखर सम्मेलन आयोजनाको तयारी सम्बन्धी सञ्चार व्यवस्थापन तथा प्रचार प्रसार समितिकोप्रेस विज्ञप्ती

आज मिति २०७५ असार ०७ गते बिहीबारका दिन बहुपक्षीय प्रविधिक तथा आर्थिक सहयोगको लागि बङ्गालको खाडीको प्रयास (बिमस्टेक-BIMSTEC)को चौथो शिखर सम्मेलन आयोजनाको तयारी सम्बन्धी गठन भएको सञ्चार व्यवस्थापन तथा प्रचार-प्रसार समितिका संयोजक माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बाँस्कोटाज्यूको संयोजकत्वमा तपसिल बमोजिमका निर्णयहरु गरी बैठक सम्पन्न भयो ।

तपसिलः

निर्णय नं. १

बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगको लागि बङ्गालको खाडीको प्रयास (बिमस्टेक-BIMSTEC)को चौथो शिखर सम्मेलनमा उपस्थित हुने पत्रकारहरुको व्यवस्थापन सम्बन्धमा नेपाल सरकारबाट आयोजना भएका सार्क शिखर सम्मेलनका अनुभवहरुको अध्ययन गरी सो अनुरुप कार्यक्रम तयार गरी सूचना विभागले आगामी बैठकमा पेश गर्ने ।

निर्णय नं. २

उक्त शिखर सम्मेलनमा सहभागी हुने पत्रकारहरुको प्रेस पासको व्यवस्था सूचना विभागले पत्रकारहरुको संख्या र Media House हरुसंग छलफल तथा अन्तर्क्रिया गरी कार्यक्रमस्थलको क्षमता तथा संवेदनशीलता समेत हेरी निर्धारण गर्ने ।

निर्णय नं. ३

Press Center को व्यवस्थापन सम्बन्धी विस्तृत योजना सूचना विभागले तयार गरी आगामी बैठकमा पेश गर्ने।

निर्णय नं. ४

शिखर सम्मेलनको उद्घाटन र समापन कार्यक्रममा अधिकत्तम् पत्रकारहरुको उपस्थिति हुने तर अन्य कार्यक्रमहरुमा छानिएका पत्रकारहरुकोमात्र पहुँच हुन सक्ने व्यवस्था कायम गरिने ।

निर्णय नं. ५

शिखर सम्मेलनको कार्यक्रमस्थल र कार्यक्रम तालिका परराष्ट्र मन्त्रालयले उपलब्ध गराउने।

निर्णय नं. ६

BIMSTEC को उद्धेश्य, प्रभाव पार्ने क्षेत्र र नेपाललाई हुने लाभ सम्बन्धमा सम्पूर्ण सञ्चारमाध्यमहरुबाट परिसम्बाद, छलफल, अन्तर्क्रिया कार्यक्रमहरु सञ्चालन हुने व्यवस्था गर्ने ।

निर्णय नं. ७

शिखर सम्मेलन अवधिभर नेपाल दूरसञ्चार प्राधिकरणले विदेशी कुटनैतिक प्रतिनिधि र प्रतिनिधि पत्रकारहरुलाई NTC को 4GSIM उपलब्ध गराउने र शिखर सम्मेलनस्थल, प्रेस सेन्टरहरुमा Unlimited Capacity र उच्च गतिसहितको Internet Service को आवश्यक व्यवस्था गर्ने र सबै BIMSTEC राष्ट्रहरुको INTERNET सेवा उपलब्धता अध्ययन गरी आवश्यक भएमा स्याटलाईट सेवा समेत उपलब्ध गराउने ।

प्रवक्ता
वीरेन्द्र कुमार मिश्र
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

२०७५ असार ७, बिहीवार